# आठराई त्रिवेणीगाउँ कार्यपालिकाको कार्यालय

## हाङपाङ, ताप्लेजुङ

## १ नंप्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७५/०२/१५)

यस कार्यालयकालागि आ.व. २०७४/०७५ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामाग्रीहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएको हुँदा सूचनामा उल्लिखित शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त फर्म तथा कम्पनीहरुबाट रीतपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| सिलबन्दी दरभाउ नं | आपूर्ति गर्नुपर्ने मालसामान | जमानत वापतको रकम | बोलपत्र / दरभाउपत्र मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| ORME/ART/SQ-5 (074/075) | बिजुलीको पोल | रु. ४०००० | दरभाउ पत्र दाखिला गर्ने मितिले ४५ दिन | २०७५/०२/२९ गते कार्यालय समय भित्र | २०७५/०२/३० गते दिनको १२ बजे भित्र | २०७५/०२/३०गते दिनको २ बजे |
| ORME/ART/SQ-6 (074/075) | HDPE पाइप | रु. २०००० | दरभाउ पत्र दाखिला गर्ने मितिले ४५ दिन | २०७५/०२/२९ गते कार्यालय समय भित्र | २०७५/०२/३० गते दिनको १२ बजे भित्र | २०७५/०२/३०गते दिनको २ बजे |

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र फारामका लागि रु.१०००(अक्षरुपी रु. एक हजार,फिर्ता नहुने गरी) का दरले यस कार्यालयको सामान्य प्रशासन शाखाबाट नगदै बुझाई खरिद गर्न सकिनेछ ।

२. आपूर्तिकर्ताले यस कार्यालयले प्रमाणित गरी तयार गरेको दरभाउपत्र मात्र खरिद गरी दर्ता गर्नुपर्नेछ । साथै आपूर्तिकर्ताले आफ्नो दरभाउपत्र सिलबन्दी गरी रीतपूर्वक सहिछाप गरी गाउँ कार्यपालिकाको कार्यालयको ठेगानामा आपूर्तिकर्ताको नाम रठेगाना स्पष्ट रुपमा उल्लेख गरी दर्ता गर्नुपर्नेछ ।

३. माथि उल्लेखित अन्तिम मिति र समय भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा माथि उल्लिखित मिति र समयमा (दिनको २:००) बजे यस कार्यालयमा खोलिनेछ । सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा सिलबन्दी दरभाउपत्र खोलिनेछ । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट खरिद गरि सो कोभोलिपल्ट दर्ता गरि उल्लेखित समयमा खोलिने छ। ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएका तथा रीत नपुगेका वा कुनै शर्त उल्लेख भई आएका सिलबन्दी दरभाउपत्र फाराम स्वीकार गरिने छैन । साथै प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्र जमानत वापत नेपाल राष्ट्र बैंक ताप्लेजुङ स्थित आठराई त्रिवेणी गाउँपालिकाको धरौटी खाता नं०६२०३०००००००३००००६५ जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त कुनै पनि वाणिज्य बैंकबाट जारी गरिएको बिड बण्ड वा बैक ग्यारेन्टी संलग्न गरी पेश गर्नु पर्नेछ । बिड बण्ड वा बैंक ग्यारेन्टीको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम दिन पछि ७५ दिन वा बढी समयावधिको हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र फारामखरिद गर्ने फर्म, कम्पनी वा संस्थाले आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ । प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) का प्रमाणपत्रहरुको प्रतिलिपिहरुसमेत संलग्न राखी रु १० को हुलाक टिकट टाँसी लिखित निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

६. सिलबन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कबोल गरेको स्व-घोषणा पत्र अनिवार्य रुपमा सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

७. सिलबन्दी दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु परिमाण र अन्य कुराहरु रामरी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

८. दरभाउपत्रदाताले कबोल गरेका दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाईने छैन ।

९. दरभाउपत्रदाताले संलग्न परिमाण मूल्य पत्र (Bill Of Quantity) मा उल्लिखित प्रत्येक महलमा भर्नुपर्ने स्थानमा स्पष्ट रुपमा भर्नुपर्नेछ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१२. यो सूचना यस कार्यालयको सूचना पाटी तथा वेबसाइट www.aathraitribenimun.gov.npमा हेर्न सकिनेछ ।

आठराई त्रिवेणी गाउँपालिका

हाङपाङ, ताप्लेजुङ